# Asian Productivity Organization
# "The APO in the News"

Name of publication: nayapatrikadaily.com (28 June 2018, Nepal)
Page: http://www.nayapatrikadaily.com/2018/06/28/66193/

## उत्पादकत्व वृद्धिको गुरुयोजना बनाउन एपिओको सुझाब

एसियाली उत्पादकत्व संगठन (एपिओ)ले राष्ट्रिय उत्पादकत्व वृद्धि गर्न गुरुयोजना बनाउनुपर्ने सुझाब दिएको छ । नेपाल भ्रमणमा रहेको एपिओको प्रतिनिधिमण्डलले बुधबार नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिलाई भेटेर यस्तो सुझाब दिएको हो ।

एपिओका महासचिव डा. सान्थी कनाकतानापोर्नले नेपालले उत्पादकत्व वृद्धिका लागि गुरुयोजना तयार पारेर अघि बढ्नुपर्ने बताएका हुन् । 'नेपालको आर्थिक विकास र उत्पादकत्व अभिवृद्धिमा सहयोग गर्न एपिओ तयार छ,' उनले भने, 'तर राष्ट्रिय उत्पादकत्व अभिवृद्धिका लागि नेपालले राष्ट्रिय गुरुयोजना बनाउन आवश्यक छ ।'

एपिओले कृषिको उत्पादकत्व वृद्धिमा ध्यान दिनसमेत नेपाललाई सुझाब दिएको छ । महासचिव कनाकतानापोर्नले कृषिलाई आधुनिक, प्रविधिमैत्री बनाउँदै युवालाई आकर्षित गर्ने ढंगबाट योजना तथा कार्यक्रम ल्याउन सुझाब दिए ।

उनले कृषिको उत्पादकत्व वृद्धिमा सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे । 'नेपाल सरकार र निजी क्षेत्रले नेपालमा कृषिको उत्पादकत्व वृद्धिमा जोड दिनुपर्छ,' उनले भने, 'कृषिको उत्पादकत्व अभिवृद्धिमा सहयोग गर्न एपिओ तयार छ ।' एपिओले नेपाललाई उच्च प्राथमिकतामा राखेर सहयोग गर्ने विश्वाससमेत उनले दिलाए ।

महासंघ अध्यक्ष भवानी राणाले एपिओबाट नेपाललाई प्राप्त सहयोग एवं सहकार्यको प्रशंसा गर्दै त्यसलाई अझ बढाउन आग्रह गरिन् । महासंघले कृषिको व्यवसायीकरण, रोजगारी सिर्जना तथा मुलुकको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको जानकारी गराउँदै उनले नेपाली निजी क्षेत्रलाई आवश्यक तालिममार्फत उत्पादकत्व अभिवृद्धिमा सघाउन एपिओलाई आग्रह गरिन् ।